निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, बाँके

जिल्ला निर्वाचन कार्यालय
बाँके

प.सं. २०७८/०७९
च.नं. २०१

मितिः २०७९/०६/३०

विषयः सूचना टाँस गरी मुचुल्का पठाईदिन हुन ।

श्री जिल्ला स्थित सम्पूर्ण सरकारी निकाय वा सार्वजनिक संस्था
सबै, बाँके ।

उपरोक्त सम्बन्धमा अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि २०७९ को दफा ९ को उपदफा ४ बमोजिम प्रारम्भिक अस्थायी मतदाता नामावली सम्बन्धित निकाय वा संस्थाले सो नामावलीमा नाम भएका ब्यक्तिहरुले देख्ने ठाउँमा टाँस गरी सोको मुचुल्का निर्वाचन कार्यालयमा पठाउँने भनि उल्लेख भएकोले संलग्न सूचना कार्यक्रम तहाँ कार्यालयमा टाँस गरी मुचुल्का सहित यस कार्यालयमा जानकारी पठाईदिन हुन अनुरोध छ ।

२०७९/०६/३०

रमा पन्त
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

प.सं. २०७८/०७९ मितिः २०७९/०६/३०

च.नं.

जिल्ला निर्वाचन कार्यालय बाँके

## विषयः अस्थायी मतदाता नामावली प्रकाशन भएको सूचना ।

उपरोक्त सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम अस्थायी मतदाता नामावली तयार गर्नका लागि मिति २०७९ असोज २६ गतेसम्म संकलित विवरणलाई रुजु गरी मिति २०७९ कार्तिक ०१ गते प्रमुख नाम दर्ता अधिकारीको कार्यालय (जिल्ला निर्वाचन कार्यालय)मा प्रकाशन हुनेछ । सो नामावलीमा तपसिल बमोजिमको क्रियाकलाप सहित अस्थायी मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध कार्यक्रम सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७९।०६।३०

रमा पन्त
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

अनुसूचि १

(दफा ५ को उपदफा ३ सँग सम्बन्धित)

## अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम

निर्वाचन आयोग

### प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

बाँके जिल्ला

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अस्थायी मतदाता नामावली तयार गर्नको लागि निर्वाचन आयोगबाट निर्धारण भए बमोजिम अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | विषय | मिति | | सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रमुख नाम दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको बृद्धाश्रममा बसेका व्यक्तिहरुलाई अस्थायी मतदाता नामावलीमा समावेश हुने ब्यक्तिहरुको नामावली सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पठाउन जानकारी गराउने । | २०७९/०६/०६ | २०७९/०६/०८ | |
| २ | क्र.सं. १ बमोजिम सम्बन्धित निकायका प्रमुखले अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली (अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्ति) प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने । | २०७९/०६/०८ | २०७९/०६/२६ | |
| ३ | क्र.सं. २ बमोजिमको विवरण रुजु गरि प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/०१ | | निर्वाचन कार्यालय |
| ४ | क्र.सं. ३ बमोजिमको प्रारम्भिक अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा त्रुटि भएका ब्यक्तिले नाम समावेश गर्ने तथा त्रुटि सच्याउन निवेदन दिने । | २०७९/०७/०२ | २०७९/०७/०३ | निर्वाचन कार्यालय |
| ५ | क्र.सं. ४ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/०४ | | निर्वाचन कार्यालय |
| ६ | संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका ब्यक्तिको सम्बन्धमा दाबी विरोधका लागि निवेदन पेश गर्ने । | २०७९/०७/०५ | २०७९/०७/०६ | निर्वाचन कार्यालय |
| ७ | दाबी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने । | २०७९/०७/०७ | २०७९/०७/११ | |
| ८ | अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने | २०७९/०७/१२ | २०७९/०७/१३ | निर्वाचन कार्यालय |
| ९ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/१४ | | निर्वाचन कार्यालय |

**द्रष्टव्य:** यो कार्यक्रम सार्बजनिक बिदाको दिनमा समेत सञ्चालन हुनेछ ।

प्रमुख नाम दर्ता अधिकारीको

नाम, थर : रमा पन्त

दस्तखतः

मिति 2079/06/30

निर्वाचन अधिकारी

आज मिति २०७९ साल असोज २९ गते शनिवार विहान ९:०० बजे यस बाँके जिल्लाका अन्तिम अस्थायी मतदाता नामावली तयार गर्नका लागि जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा ब्यवस्थापन समितिको संयोजक प्रमुख जिल्ला अधिकारी श्री सुर्य बहादुर खत्री ज्यूको संयोजकत्वमा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा उक्त समितिको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

प्रमुख जिल्ला अधिकारी श्री सुर्य बहादुर खत्री ज्यू, जिल्ला प्रशासन कार्यालय, बाँके, संयोजक

**सदस्यहरुः**

प्रमुख सेनानी, श्री श्याम आत्रेय पौडेलज्यू, ब्रज दल गण, बाँके ।

श्री राम प्रसाद घर्ती मगर, जिल्ला प्रहरी कार्यालय, बाँके ।

शसस्त्र प्रहरी उपरीक्षक, श्री जनक राज बस्नेत ज्यू, शसस्त्र प्रहरी बल नेपाल ३० नं गण, बाँके ।

उपअनुसन्धान निर्देशक, श्री नरेन्द्र राज गिरी ज्यू, जिल्ला अनुसन्धान कार्यालय, बाँके ।

कारागार प्रमुख, श्री अर्जुन जङ्ग शाहज्यू, जिल्ला कारागार कार्यालय, बाँके

जिल्ला निर्वाचन अधिकारी, श्री रमा पन्त ज्यू, जिल्ला निर्वाचन कार्यालय, बाँके, सदस्य सचिव

**विशेष आमन्त्रितः**

मुख्य निर्वाचन अधिकृत, श्री धन सिंह महरा ज्यू, जिल्ला अदालत, बाँके

**आमन्त्रितः**

१. कम्प्युटर अपेटर श्री युवराज पन्त, जिल्ला निर्वाचन कार्यालय, बाँके

२. कम्प्युटर अपेटर श्री श्रीराम चौधरी, राजस्व न्यायाधिकरण कार्यालय, बाँके

३. नायब सुब्बा श्री सबिता शर्मा, जिल्ला निर्वाचन कार्यालय, बाँके

## निर्णय नं १

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तरगत हुने निर्वाचन प्रयोजनको लागि मिति २०७९ असोज ०७ गते बसेको जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा ब्यवस्थापन समितिको बैठकको निर्णय नं १ बमोजिम अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार सम्बन्धित निकाय वा संस्थाले मिति २०७९ असोंज २६ गतेसम्म प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा विवरण पठाउँने समय सीमा रहेकोमा अनुसूची ३ (अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेका व्यक्तिको नामावली प्रमाणित गर्ने फाराम) बमोजिमको ढाँचामा विवरण ७० वटा कार्यालयबाट प्राप्त भएको, उल्लेखित विवरणको मतदाता नामावली रुजु गर्दा १,५७८ जना मतदाताको विवरण संकलन भएकोले अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार मिति २०७९ कार्तिक ०१ गते प्रारम्भिक अस्थायी मतदाता नामावली अनुसूची ४ बमोजिमको ढाँचामा प्रकाशन प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा हुने र कार्यविधिको दफा ९ अनुसार सम्बन्धीत कार्यालयमा मतदाता नामावलीमा नाम भएका ब्यक्तिहरुले देख्ने ठाउँमा टाँस गर्नका लागि पठाउँने निर्णय गरियो ।

## निर्णय नं २

निर्णय नं १ अनुसार प्रकाशन गरिएको अस्थायी मतदाता नामावलीलाई अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम अनुसार अस्थायी मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमको कार्यक्रम गरी अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | विषय | मिति | | सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | विवरण रुजु गरि प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/०१ | | निर्वाचन कार्यालय |
| २ | प्रारम्भिक अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा त्रुटि भएका ब्यक्तिले नाम समावेश गर्ने तथा त्रुटि सच्याउन निवेदन दिने । | २०७९/०७/०२ | २०७९/०७/०३ | निर्वाचन कार्यालय |
| ३ | प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/०४ | निर्वाचन कार्यालय | |
| ४ | संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका ब्यक्तिको सम्बन्धमा दाबी विरोधका लागि निवेदन पेश गर्ने । | २०७९/०७/०५ | २०७९/०७/०६ | निर्वाचन कार्यालय |
| ५ | दाबी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने । | २०७९/०७/०७ | २०७९/०७/११ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने | २०७९/०७/१२ | २०७९/०७/१३ | निर्वाचन कार्यालय |
| ७ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/१४ | निर्वाचन कार्यालय | |

**<u>द्रष्टव्यः</u>** यो कार्यक्रम सार्वजनिक बिदाको दिनमा समेत सञ्चालन हुनेछ ।

**<u>निर्णय नं ३</u>**

अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि २०७९ को दफा १७ अनुसार बाँके जिल्लामा आवश्यक पर्ने अस्थायी मतदान केन्द्रको सङ्ख्या र स्थानका सम्वन्धमा देहाय बमोजिम हुने निर्णय गरियो ।

<u>देहायः</u>

| सि.नं. | मतदाता संख्या | मतदान स्थल रहने स्थान | मतदान केन्द्र संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १-१३०० सम्म | पशु प्रजनन कार्यालय नेपालगञ्ज (मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको परिसर भित्र) | १ | |